सुदूरपश्चिम प्रदेश सरकार
उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय
उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

धनगढी-कैलाली,नेपाल

प.स .२०७९/०८०
च.न. ८६२

मिति : २०७९/०८/१५

**विषय : सूचना पठाईएको बारे ।**

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
दर्ता नं. :- २६८६
दर्ता मिति २०७९/८/१३

श्री स्थानीयतहहरु सबै
कैलाली , जिल्ला ।

यस कार्यालयबाट मिति २०७९/०८/१५ गते प्रकासित साना उद्योगीहरुलाई उद्योग स्थापना तथा संचालनार्थ लिएको ब्याज तथा विद्युत महसुलमा अनुदान कार्यक्रम सम्बन्धि सूचना र जिल्ला स्तरमा घरेलु तथा साना उद्योगीहरुलाई प्रविधी हस्तान्तरण सम्बन्धि प्रस्ताव पेश गर्ने सूचना र आवेदनको ढाँचा यसै निवेदन साथ संलग्न राखी पठाइएको छ । उक्त सूचना प्रचार प्रसारको लागि त्यहा कार्यालयको सूचना पाटीमा टाँस गरि सोको जानकारी यस कार्यालयलाई गराउन हुन अनुरोध गरिन्छ ।

श्री आर्थिक विकास
८/१३

कोमल प्रसाद ओझा
उद्योग अधिकृत

सुदूरपश्चिम प्रदेश सरकार

# उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय

# उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

धनगढी, कैलाली, नेपाल

प.स . २०७९/०८०

च.न.

**साना उद्योगीहरुलाई उद्योग स्थापना तथा संचालनार्थ लिएको ब्याज तथा विद्युत महसुलमा अनुदान कार्यक्रम सम्बन्धि सूचना ।**

प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/०८/१५

यस कार्यालयको आ.व २०७९/०८० को स्विकृत वार्षिक कार्यक्रम अनुसार साना उद्योगीहरुलाई **उद्योग स्थापना तथा संचालनार्थ लिएको ब्याज तथा विद्युत महसुलमा अनुदान** सम्बन्धि कार्यक्रम संचालन गर्नुपर्ने भएकोले यस कार्यालयबाट प्रथम पटक सूचना प्रकाशन भएको मिति २०७९/०८/१५ गते देखी लागु हुने गरि सुदूरपश्चिम प्रदेशको उद्योग पर्यटन ,वन तथा वातावरण मन्त्रालयबाट जारी भएको प्रदेश, उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्धि वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधी २०७९/०८० बमोजिम योग्यता पुगेका ईच्छुक उद्यमीहरुले यस कार्यालयमा यो सूचना प्रकाशन भएको मितिले १५ दिन (कार्यालय समय भित्र) भित्र तपसिल बमोजिमका कागजात सहित सिलबन्दी प्रस्ताव पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । बिस्तृत जानकारीका लागि यस कार्यालयमा कार्यालय समय भित्र आई वा कार्यालयको फोन नम्बर ०९१- ५२१३०६ मा सम्पर्क गरि जानकारी लिन सकिनेछ ।

अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु :

१. उद्योग दर्ता प्रमाण पत्र (नविकरण सहितको )को प्रतिलिपी ।
२. स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी ।
३. आ.व २०७८/०७९ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
४. उद्योग संचालनमा रहेको भवन वा जग्गाको स्वामित्व आफ्नै भएमा जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी एकाघरको परिवारको सदस्यको भएमा भवन वा जग्गाधनी र उद्यमी बिचको नाता खुल्ने गरि निवेदन साथ दुवैको नागरिकताको प्रतिलिपी र भाडामा लिएको भएमा भाडा सम्झौता पत्रका साथ जग्गाधनीको नागरिकताको प्रमाण पत्र र जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी ।
५. अनुसूची ३ अनुसारको व्यवसायको प्रगति विवरणको ढाँचा ।
६. जुन क्षेत्रको लागि अनुदान माग गरेको हो सो क्षेत्र संग सम्बन्धीत कागजातहरु । ब्याज अनुदानका लागि बैकबाट ऋण लिएको र ब्याजको दर खुल्ने कागजातहरु । विद्युत महसुलमा अनुदानका लागि उद्योगको नाममा विद्युतको मिटर दर्ता रहेको सम्बन्धि कागजातहरु ।
७. उद्योगको लागि गत आ.व मा यस कार्यालयबाट अन्य अनुदान सहयोग नलिएको ब्यहोराको लिखित रुपमा स्वघोषणा पत्र पेश गर्नु पर्ने छ ।
८. अनुसूची ३ अनुसारको निवेदनमा १० को हुलाक टिकट ।

अन्य शर्तहरु

१. अनुदानग्राहीले ब्याज वा विद्युत महसुल मध्ये कुनै एक अनुदानका लागि मात्र प्रस्ताव पेश गर्नुपर्ने छ । एक भन्दा बढीको लागि प्रस्ताव पेश गर्ने प्रस्तावदाताको प्रस्ताव रद्द गरिनेछ ।
२. यस सूचनामा उल्लेख भए देखी बाहेक अन्यको हकमा प्रदेश उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्धी वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधी २०७९/०८० अनुसार तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

(क) ब्याज अनुदान सम्बन्धि शर्तहरु : ब्याज अनुदान प्राप्त गर्ने अनुदान ग्राहीहरुले देहाय बमोजिमका शर्तहरु पुरा गर्नुपर्नेछ ।

१.नेपाल सरकारको मान्यता प्राप्त गरेको बैंकबाट ऋण लिएको हुनुपर्ने छ ।
२.अनुदान ग्राहीले बैकबाट लिएको ऋण वापत बुझाउनुपर्ने किस्ता नियमित रुपमा भुक्तान गरेको हुनुपर्नेछ । ३.समयमा किस्ता नबुझाउने उद्योगलाई सम्बन्धीत बैकले लिने हर्जना वापत तिरेको रकममा अनुदान उपलब्ध हुने छैन ।
३.सहुलियत ब्याजमा ऋण लिएका अनुदानग्राहीले यो अनुदान प्राप्त गर्ने छैनन् ।
४.यस कार्यविधि बमोजिम ब्याज अनुदान अनुदान ग्राहीहरुले आ.व २०७९/८० वा चालु आ.वको ब्याजको अधिकतम रु ५०,०००(अक्षेरुपी पचास हजार ) सम्म मात्र अनुदान प्राप्त गर्नेछन ।
५.ब्याज अनुदानका लागि निवेदन दिने उद्योगीले उद्योग स्थापना एवं संचालनका लागि लिएको ऋण रकम, ऋण रकमको किस्ता , ब्याज भुक्तानीको प्रकृया खुलेको कागजात, ऋण स्विकृत भएको सम्झौताको सम्बन्धीत बैकबाट प्रमाणित प्रतिलिपी कार्यालयमा पेश गर्नुपर्ने छ ।

(ख) विद्युत महसुलमा अनुदान प्राप्त गर्न आवश्यक शर्तहरु :

१. विद्युत मिटर उद्योगको नाममा जडान भएको हुनुपर्ने छ । उद्योगको नाममा विद्युत मिटर भएको कागजातको प्रमाणि प्रतिलिपी समेत कार्यालयमा पेश गर्नुपर्ने छ ।
२. विद्युत महशुल अनुदान प्राप्त गर्ने अनुदानग्राहीहरुले आ.व २०७९/०८० को विद्युत महशुलको अधिकतम रु ३०,००० (अक्षेरुपी तिस हजार ) सम्म अनुदान प्राप्त गर्नेछन ।
३. समयमा विद्युत महसुल नबुझाउने उद्योगलाई अनुदान उपलब्ध हुने छैन । हर्जना वापत तिरेको रकममा अनुदान उपलब्ध हुने छैन ।

देहायका उद्योग / व्यवसायहरुलाई प्राथमिकता दिईनेछ :

वैदेशिक रोजगारीबाट फर्केका , दलित महिला, द्वन्द पिडित, अपाङ्गता भएका ब्यक्ति, सिमान्तकृत तथा अल्प संख्यकले स्थापना तथा संचालन गरेका र स्वदेशी कच्चापदार्थको प्रयोग गर्ने उद्योग संग सम्बन्धित तालिम लिई उद्योग संचालन गरेका एव अत्यावश्यक चिज बस्तु उत्पादन गर्ने उद्योगहरु ।

अधिकृत

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय
उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
धनगढी, कैलाली नेपाल

प.स . २०७९/०८०
च.न.

## जिल्ला स्तरमा घरेलु तथा साना उद्योगीहरुलाई प्रविधी हस्तान्तरण सम्बन्धी सिलवन्दी प्रस्ताव पेश गर्ने सूंचना ।

प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/०८/१५

यस कार्यालयको आ.व २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार जिल्ला स्तरमा घरेलु तथा साना उद्योगीहरुलाई प्रविधी हस्तान्तरण (औद्योगिक उत्पादन संग सम्वन्धित मेसिन औजार) गर्ने कार्यक्रम अन्तर्गत उद्योगको प्रकृति, आवश्यकता, उद्योगबाट श्रृजना हुने रोजगारीका आधारमा उद्यमीलाई बढीमा एक लाख रुपैया सम्मको प्रविधि उपलब्ध गराउने व्यवस्था भएको र सोमा प्रविधि आपुर्तिकर्ताले कबोल गरेको प्रविधिको लागत रकम अंकको २० प्रतिशत रकम सम्बन्धीत उद्यमीले ब्यहोर्ने र ८० प्रतिशत लागत रकम यस कार्यालयले ब्यहोर्ने गरि प्रविधी हस्तान्तरण गर्ने कार्यक्रम रहेको हुदाँ उद्यमसंग सम्बन्धीत विषयको सीप विकास तालिम लिई यस कार्यालयमा दर्ता भई नियमित रुपमा उद्योग व्यवसाय संचालन गरीरहेका ईच्छुक उद्यमीहरुले देहायमा उल्लेखित शर्तको अधिनमा रही आवश्यक कागजातहरु समेत प्रस्ताव साथ अनिवार्य रुपमा संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र कार्यालय समयमा सिलबन्दी प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१. सिलबन्दी प्रस्तावहरु संकलन भए पश्चात प्रस्तावहरु छनौट, प्रविधी हस्तान्तरण लगायतका अन्य आवस्यक कार्यहरु प्रदेश उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्धी वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधी २०७९/०८० तथा प्रचलित ऐन, कानुनका आधारमा हुनेछ ।

२.एकै ब्यक्ति वा संस्थाको नाममा एक भन्दा बढी उद्योग दर्ता भएको भए कुनै एक उद्योगको तर्फबाट मात्र प्रस्ताव पेश गर्न पाईनेछ ।

३. म्याद नाघी वा रित नपुगी पेश भै आएका निवेदन/प्रस्ताव माथी कुनै कारवाही हुने छैन ।

४. प्रस्ताव छनौट, स्विकृति एवं प्रविधी हस्तान्तरण गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार सम्बन्धित समिति र यस कार्यालयमा निहित हुनेछ ।

५. देहायका कागजातहरु प्रस्ताव साथ संलग्न गर्नु पर्नेछ :-

क) प्रविधी (मेसिन,उपकरण) मागका लागि तोकेको ढाँचा अनुसारको निवेदन ।
ख) यस कार्यालयमा उद्योग, व्यवसाय दर्ता गरेको प्रमाण पत्रको (नविकरण सहितको ) प्रतिलिपी ।
ग) PAN/VAT मा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी ।
घ) उद्योग, व्यवसायको आ.व २०७८/०७९ सम्मको कर चुक्ता गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।
ङ) उद्योगको ब्यवसायीक योजना ( SCHEME )
च) अनुभव तथा तालिमका प्रमाण पत्र भए सोका प्रतिलिपीहरु ।
छ) उद्योगीको नेपाली नागारिकताको प्रतिलीपी ।
ज) विगत ३ आ.व मा उद्यमीले प्रविधी तथा अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र ।

*थप जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयको फो.न . ०९१-५२१३०६ मा सम्पर्क गर्न सकिने छ।*

उद्योग अधिकृत

मिति : ..............................

श्रीमान उद्योग अधिकृत ज्यू
घरेलु तथा साना उद्योग कार्यालय
धनगढी,कैलाली ।

**विषय : प्रविधि उपलब्ध गराई पाँउ ।**

महोदय,

मेरो/हाम्रो नाममा मिति २०......।......।......मा दर्ता भएको दर्ता नं...................को श्री.........................................................उद्योग प्रवर्द्धन गर्न आवस्यक भएकोले प्रविधी अनुदान अन्तर्गत निम्न बमोजिमका मेसिन/औजार/उपकरण उपलब्ध गराई दिन हुन रु १० को टिकट टाँस गरि यो निवेदन पेश गरेको छु /छौ । उल्लेखीत प्रविधी अनुदान अन्तर्गतको मेसिन/औजार/उपकरण उपलब्ध गराई पाँउ ।

**निवेदकको विवरण**

१. उद्योगीको नाम थर : .......................................

२. ठेगाना : .......................................................

२. उद्योगको नाम र ठेगाना : ................................................

३. उद्योग दर्ता नं. र मिति : ...................................................

४.उद्योगमा लगानी भएको पूजी :

(क) स्थिर पुजि : रु........................... (ख) चालु पुजि : रु................... जम्मा पुजि : रु. ......

५. उद्योग बाट उत्पादन हुने बस्तु तथा सेवाको विवरण वार्षिक : ....................................................
.......................................................................................................................................................
.......................................................................................................................................................

६. रोजगारीको संख्या : ................

७. माग गरेको मेसिन औजार र उपकरणको नाम :

| औजार उपकरणको नाम | माग गरेको संख्या | अनुमानित प्रति इकाइ लागत मुल्य (भ्याट सहितको) | ब्रान्ड ,मोडेल नं.आदि खुल्ने विवरण | उत्पादन क्षमता | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरु**

१
२
३
४
५
६
७

**निबेदक/प्रस्तावकको**

नाम :.................................

दस्तखत : ............................

मिति : ............................ सम्पर्क नं. ..........................

**उद्योगको छाप :**

# व्यवसायीक योजनाको ढाँचा

१. व्यवसाय/उद्योगको नाम :

२. ठेगाना : जिल्ला: न.पा/गा.पा : व.डा.न : टोल

३. व्यवसाय/ उद्योगको संक्षिप्त परिचय :

४. व्यवसाय/उद्योगको उदेश्य :

५. व्यवसाय/उद्योगको जनशक्ति (क) स्वदेशी : महिला ..........जना पुरुष...........जना
(ख) बिदेशी : महिला ..........जना पुरुष...........जना

६. व्यवसाय/उद्योगमा प्रयोग हुने कच्चापदार्थ :

(क)

(ख)

(ग)

(घ)

७. कच्चा पदार्थ प्राप्तीको श्रोत: (क) स्वदेश (ख) बिदेश

८. व्यवसाय/उद्योगको कुल लागत रु

(क) स्थिर पुजि रु :

(ख) चालु पुजी रु :

९. उत्पादीत बस्तुको नाम : (क) (ख) (ग) (घ)

१०. बजार क्षेत्रको नाम :

(क) दुरी ...........किमि

(ख) ढुवानी खर्च रु

११. व्यवसाय/उद्योगको कारोवार :

(क) लगानी रु

(ख) खर्च रु

(ग) नाफा रु

१२. व्यवसाय/उद्योगको आगामी रणनिती

(क)

(ख)

(ग)

**उद्योगको छाप**

**उद्यमीको नाम थर :**

दस्तखत

मिति :

सम्पर्क नम्बर :

## अनुसूची २ : व्यवसायको प्रगति विवरणको ढाँचा

१. व्यवसाय/उद्योगको नाम :
२. ठेगाना : जिल्ला: न.पा/गा.पा : व.डा.न : टोल
३. व्यवसाय/ उद्योगको संक्षिप्त परिचय :

४. व्यवसाय/उद्योगको उदेश्य :

५. व्यवसाय/उद्योगको जनशक्ति (क) स्वदेशी : महिला .........जना पुरुष..........जना
(ख) बिदेशी : महिला .........जना पुरुष..........जना

६. व्यवसाय/उद्योगमा प्रयोग हुने कच्चापदार्थ :
(क)
(ख)
(ग)
(घ)

७. कच्चा पदार्थ प्राप्तीको श्रोत: (क) स्वदेश (ख) बिदेश
८. व्यवसाय/उद्योगको कुल लागत रु
(क) स्थिर पुजि रु :
(ख) चालु पुजी रु :

९. उत्पादीत बस्तुको नाम : (क) (ख) (ग) (घ)

१०. बजार क्षेत्रको नाम :
(क) दुरी ..........किमि
(ख) ढुवानी खर्च रु

११. व्यवसाय/उद्योगको कारोवार :
(क) लगानी रु
(ख) खर्च रु
(ग) नाफा रु
१२.उत्पादित बस्तु निर्यात गरेको भए त्यसको विवरण ।

| उत्पादीत बस्तु | उत्पादन ईकाई | निर्यात ईकाई | निर्यात रकम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

१३. व्यवसाय/उद्योगको आगामी रणनीति
(क)
(ख)
(ग)

**उद्योगको छाप**

**उद्यमीको नाम थर :**
दस्तखत
मिति :
सम्पर्क नम्बर :

## अनुसुची ३ : उद्योगीले कार्यालयमा पेश गर्नु पर्ने निवेदनको ढाँचा

श्रीमान उद्योग अधिकृत ज्यू
घरेलु तथा साना उद्योग कार्यालय
धनगढी,कैलाली ।

मिति :

**विषय : मौद्रिक प्रोत्साहन / बिमा प्रिमियममा सहयोग/ ब्याज अनुदान/बिद्यत महसुलमा अनुदान उपलब्ध गराई पाँउ भन्ने वारे**

महोदय,
मेरो/हाम्रो नाममा ........................................निर्देशनालय/कार्यालयमा दर्ता भएको दर्ता नं...................को ............................................................उद्योगले त्यस कार्यालयबाट प्रकासित ....................................उद्योगलाई मौद्रिक प्रोत्साहन को लागि ईच्छुक भएको हुदा नियमानुसार अनुदान उपलब्ध गराई दिन हुन आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु

**निवेदकको विवरण**

१. उद्योगीको नाम थर : ........................................
२. ठेगाना : ........................................................
३. उद्योगको नाम र ठेगाना : ................................................
४. उद्योग दर्ता नं. र मिति : ....................................................

**कागजातहरु**

१. उद्योग दर्ता नविकरण प्रमाण पत्र
२. PAN/VAT दर्ता न. र कर चुक्ता प्रमाणपत्र(गत आ.व सम्मको )
३. उद्योगको प्रगति विवरण
४. अनुभव तथा तालिमका प्रमाणपत्रहरुको प्रतिलिपी

**निबेदक**

नाम :.................................
दस्तखत : ............................
मिति : .............................
मोवाईल नं. ..........................
उद्योगको छाप :